'गाउँ गाउँमा सुचना र सञ्चारको लागी हाम्रो अभियान'
www.namastekarnali.com
नमस्ते कर्णाली
Namaste Karnali National Daily
राष्ट्रिय दैनिक
वर्ष १ अंक : १५९ सोमबार २१ माघ, २०८१ 03 (Monday) February 2025 पृष्ठ ४, मूल्य रु : १०।-

# १५ स्वर्ण पदक सहित आठौं मेयर कपको च्याम्पीयन बन्यो कृष्ण मावि

■ नमस्ते समचारदाता
कोहलपुर, माघ/२०




आठौं अन्तर मावि मेयर कप तथा १७ औं पालिका स्तरीय राष्ट्रपति रनिङशिल्ड खेलकुद छनौट प्रतियोगिता(२०८१ को च्याम्पीयन कृष्ण मावि कौशिलानार बनेको छ । प्रतियोगितामा कृष्ण माविले १५ स्वर्ण, १० रजत र ५ कास्य प्राप्त गरी च्याम्पीयन बन्न सफल भएको हो । यही माघ १६ गते देखि सञ्चालन भएको मेयर कप प्रतियोगिता आइतबार सम्पन्न भएको हो । समापन कार्यक्रमका प्रमुख अतिथि तथा कोहलपुर नगर पालिकाका नगर प्रमुख पूर्ण प्रसाद आचार्य र नगर खेलकुद विकास समिति संयोजक चक्र चिमाला क्षेत्रीले संयुक्त रुपमा च्याम्पीयन बनेको कृष्ण मावलाई शिल्ड हस्तान्तरण गर्दै नगद ७५ हजार सहित मेडल र प्रमाण पत्र हस्तान्तरण गरेका थिए । समापन समारोहमा बोल्दै कार्यक्रमका प्रमुख अतिथि कोहलपुर नगर पालिका प्रमुख आचार्यले कोहलपुरलाई खेलकुद हवको रुपमा विकास गर्ने बताए । 'खेलकुदका क्षेत्रमा गरेको लगानीको प्रतिफल आज कृष्ण माविले देखाएको छ,' उनले भने, 'यसलाई निरन्तर दिनु नै चूनौति हो ।' कोहलपुर नगरपालिकामा हरेक विद्यालयमा ग्रासरुटबाट खेलकुदका गतिविधिहरु सञ्चालन गर्ने योजना सहित अगाडि बढेको उनको भनाई थियो । हरेक क्षेत्रमा विद्यार्थीहरुलाई अब्बल र सबल बनाउन अभिभावक, शिक्षक र विद्यार्थी स्वयम् हुने भएकोले त्रिकोणात्मक रुपमा एकढिक्का भएर लाग्न सबैमा आग्रह गरे । 'मुख्यमन्त्री कोहलपुर गोल्ड कप' ले जसरी कोहलपुरको पहिचान बनाउँछ , त्यसैगरी कोहलपुरको खेलकुदको पनि पहिचान बनाउन कलिला बालबालिकाहरुलाई अवसर दिनुपर्नेमा उनको भनाई थियो । यस्तै कोहलपुर नगर पालिका उपप्रमुख संगिता सुवेदीले कोहलपुरलाई क्रिकेटको माध्यमबाट पहिचान बनाउनु पर्नेमा जोड दिएकी थिइन् । प्रस्तावित अन्तराष्ट्रिय क्रिकेट मैदान नै कोहलपुरमा हुँदा क्रिकेट मार्फत पनि पहिचान बनाउन सफल हुन ग्रासरुटबाट नै तालिमको आवश्यक रहेको सुवेदीको भनाई थियो । यस्तै कोहलपुर नगर खेलकुद विकास समितिका संयोजक चक्र चिमाला क्षेत्रीले खेलकुद सम्पन्न गर्नुहुने सबै प्रशिक्षक, मुल आयोजक समिति रहनुभएका सम्पूर्ण टिम, जनप्रतिनिधि, कर्मचारी, पत्रकार, खेलकुदप्रेमी लगायत सम्पूर्ण खेल शिक्षक र विद्यार्थीहरुलाई कृतज्ञता व्यक्त गरेका थिए । आगामी खेलकुदका गतिविधिहरुमा सबैका साथ, सहयोग र सल्लाह दिनुहुने सबैमा धन्यवाद दिँदै आगामी दिनहरुमा अझै थप हौसला र उर्जा थपिने उनको भनाई थियो । यस्तै गोर्खा यूनाइटेड माविले ८ स्वर्ण, ७ रजत र ८ कास्य प्राप्त गरी द्धितीय हुन सफल भएको हो । द्धितीय हुनेलाई ६५ हजार नगद सहित मेडल र प्रमाण पत्र हस्तान्तरण गरिएको थियो । यस्तै त्रिभूवन माविले ७ स्वर्ण, ५ रजत र ८ कास्य प्राप्त गरी तृतीय हुन सफल भएको छ । तृतिय हुनेलाई ५५ हजार नगद सहित मेडल र प्रमाण पत्र हस्तान्तरण गरेको थियो । यस्तै आवितर्फ ग्रिन पिस माविले उपाधि उचालेको छ । २ स्वर्ण ४ रजत प्राप्त गरी उपाधिसंगै नगद २५ हजार नगद सहित शिल्ड र मेडल समेत प्राप्त गरेको छ । यस्तै साइनिङ्ग स्टार माविले आवितर्फ द्धितीय हुन सफल भएको छ । २ स्वर्ण ल्याएर द्धितीय हुन सफल भएको हो । द्धितीय हुनेलाई नगद १५ हजार नगद सहित मेडल र प्रमाण पत्र प्राप्त गरेको छ । यस्तै जनज्योति पब्लिक हाइ स्कुलले आवितर्फ तृतीय हुन सफल भएको छ । १ स्वर्ण २ रजत र १ कास्य प्राप्त गरी तृतीय हुन सफल भएको हो । तृतीय हुनेलाई नगद १० हजार सहित मेडल र प्रमाण पत्र प्राप्त गरेको छ । यस्तै प्रतियोगितामा कोहलपुर नगरक्षेत्रका (सामुदायिक र निजी) ५३ विद्यालयका २ हजार १ सय ६७ जना खेलाडी (छात्रछात्रा)हरुले प्रतियोगितामा सहभागि भएका थिए भने छात्र १ हजार ३ सय ७ जना र छात्रा ८ सय ६० जना सहभागि भएका थिए ।

# स्वास्थ्य र शिक्षामन्त्रीको निर्णयविरुद्ध आवासीय चिकित्सकको देशभर प्रदर्शन

■ नमस्ते समचारदाता
कोहलपुर, माघ/२०



स्वास्थ्यमन्त्री प्रदीप पौडेल र शिक्षामन्त्री विद्या भट्टराईले गरेको निर्णयका विरुद्धमा आवासीय चिकित्सकहरूले आइतबार देशभरका अस्पतालमा प्रदर्शन गरेका छन् । बिहान ९ बजेदेखि १२ बजेसम्म अत्यावश्यक बाहेकका सेवा बहिष्कार गर्दै चिकित्सकहरू प्रदर्शनमा सहभागी भएका हुन् । स्वास्थ्यकर्मीका लागि सुरक्षित कार्यस्थल संघर्ष समितिका अनुसार पोखराको मणिपाल मेडिकल कलेज, चितवन, गण्डकी, नेपालगन्ज मेडिकल कलेज, जिल्ला अस्पताल धनकुटा, चरिकोट, डडेलधुरा, मधेस स्वास्थ्य विज्ञान प्रतिष्ठान, काठमाडौं विश्वविद्यालयअन्तर्गतको धुलिखेल अस्पताल, भोजपुर जिल्ला अस्पताल, दुल्लु अस्पताल, चौतरा, डोल्पा र मध्यविन्दु नगर अस्पताल लगायत स्थानमा चिकित्सकहरू काम छाडेर प्रदर्शनमा उत्रेका थिए । अस्पतालहरूमा चिकित्सकहरू आफ्नो पेशागत मर्यादाको पोशाक एप्रोन लगाएर व्यानर, प्लेकार्ड सहित प्रदर्शनमा सहभागी भएका हुन। चिकित्सा शिक्षा आयोगका उपाध्यक्षसमेत रहेका मन्त्रीद्वयले निजी मेडिकल कलेजमा अध्ययन गर्ने आवासीय चिकित्सकलाई २५ हजारदेखि ३५ हजार रुपैयाँसम्म मासिक निर्वाह भत्ता दिने निर्णय गरेका थिए । त्यस्तै दुई वर्ष काम गर्ने सर्तमा निःशुल्क एमडी एमएस लगायतका विषय अध्ययन गर्न पाउने निर्णयसमेत उनीहरूले गरेका थिए। आवासीय चिकित्सकहरूले उक्त निर्णय मान्य नहुने बताएका छन् । Demonstration of resident doctors across the country against the decision of the Minister of Health and Education मासिक आठौं तह बराबर (४८ हजार) निर्वाह भत्ता पाउनुपर्ने र ड्युटीको समयावधि तोकिनुपर्ने आवासीय चिकित्सकहरूको माग छ । समितिका सहसंयोजक डा. अरुण उप्रेतीले माग पूरा नभएसम्म आकस्मिक सेवा बाहेकका सेवा केही समय रोकेर विरोध गर्ने कार्यक्रम घोषणा गरिएको जनाए । समितिका प्रवक्ता डा. सञ्जय बरालले विज्ञप्ति जारी गरेर पेन डाउन गरेर धर्नामा सहभागी हुन आग्रह गरेका छन् । स्वास्थ्यमन्त्री पौडेल र शिक्षामन्त्री भट्टराईले चिकित्सकहरूको अपमान हुने निर्णय गरेकाले त्यसलाई सच्याउनुपर्ने माग अघि सारिएको छ ।

नमस्ते कर्णाली
www.namastekarnali.com

नमस्ते कर्णाली विज्ञापन एजेन्सी
www.namastekarnali.com
नमस्ते कर्णाली मल्टिमिडिया प्रा.लि. द्धारा संचालित नमस्ते कर्णाली राष्ट्रिय दैनिक, नमस्ते कर्णाली राष्ट्रिय साप्ताहिक, namastekarnali.com मा विज्ञापन, सुचना, बोलपत्र आवह्वान सम्बन्धी सुचना, कर्मचारी भर्ना सम्बन्धी सुचना, जनहितमा जारी सुचना आदी प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोला।
नमस्ते कर्णाली राष्ट्रिय दैनिक | नमस्ते कर्णाली राष्ट्रिय साप्ताहिक | नमस्ते कर्णाली डटकम
नमस्ते कर्णाली मल्टिमिडिया प्रा.लि.
सम्पर्क : कोहलपुर-११, बाँके
व्युरो कार्यालय : सुर्खेत शाखा कार्यालय हुम्ला, मुगु, बाजुरा, कालिकोट, जुम्ला, सल्यान, जाजरकोट
कोहलपुर : ९८४७२४६९०३ हुम्ला : ९८६८३९६३३२ मुगु : ९८६८३७०८०५ बाजुरा : ९८६५६६८०९९
कालिकोट : ९८६५६६८०९९
FOLLOW US
: namastekarnali2068@gmail.com
: namastekarnali.com

नमस्ते कर्णालीमा लेख, रचना पठाउन
namastekarnali2067@gmail.com 9847246903

**सत्यवाणी :**

भौतिक तथा व्यवसायीक सुरक्षाका लागि पत्रकार एकता नयाँ संविधानमा पूर्ण प्रेस स्वतन्त्रता । - नेपाल पत्रकार महासंघ

# सम्पादकीय

## नयाँ पुस्ताले राजनीतिलाई निर्णायक बनाउन सक्छ

नेपालमा हरेक आवधिक निर्वाचनमा नयाँ मतदाताको संख्या करिब ४० लाख जति थपिने गर्दछ। आगामी २०८४ को निर्वाचनमा पनि नयाँ मतदाताको संख्या झण्डै ४० लाख थपिने निश्चित छ। अबको निर्वाचनमा नयाँ पुस्ता मानिने नयाँ मतदाता नै निर्णायक हुँदैछन्, उनीहरुले कति धेरै सचेतता र सतर्ककतापूर्वक मतदान गर्छन् भन्ने महत्वपूर्ण पक्ष हुनेछ। यो सामाजिक सञ्जालमा अधिक सक्रिय रहने पुस्ता पनि हो। सन् १९९७ देखि २०१२ को बीचमा जन्मेका व्यक्तिहरूको पुस्तालाई नयाँ (जेनजी)पुस्ता भनिन्छ। यो पुस्तालाई डिजिटल नेटिव्स भनेर पनि चिनिन्छ। किनकि उनीहरू जन्मेको समयमा इन्टरनेट र स्मार्टफोनहरूको उपयोग व्यापक भएको थियो। यो पुस्ता अत्यधिकको प्रयोग र प्रविधि साक्षर छ। सामाजिक मिडिया, अनलाइन गेमिङ जस्ता डिजिटल मिडियामा बढी संलग्न छ। उनीहरूको प्राथमिक चिन्ता भनेको मानसिक स्वास्थ्य, जलवायु परिवर्तन, लैंगिक समानता र सामाजिक न्याय जस्ता मुद्दामा केन्द्रित देखिन्छ। नयाँ पुस्ताको रुचि र परम्परागत राजनीतिक एजेण्डामा तालमेल मिल्न सकिरहेको छैन। इतिहासमा आफूले गरेको योगदानप्रति बढी नै गर्व गर्ने, कामभन्दा धेरै कुरा गर्ने, दल वा गुटका आधारमा विभक्त हुने, राजनीतिलाई पद, प्रतिष्ठा र शक्ति आर्जनको आधारको रुपमा लिने, राजनीतिलाई सेवा होइन, पेशाको रुपमा लिने, राजनीतिक दल वा गुटमा आबद्ध भएका बाहेक अरुहरुको अस्तित्व स्वीकार नगर्ने लगायतका परम्परागत राजनीतिका विशेषतालाई नयाँ पुस्ताले पचाउने सम्भावना एकदम न्यून देखिन्छ। पुरानो पुस्तालाई यसैमा गर्भ गरेर टाँसिरहने प्रवृत्ति कायम छ। व्यवहारिक रुपमा नयाँ पुस्ताको रुचि समय सापेक्ष भए पनि पुरानाले नयाँलाई आकर्षित गर्न नसक्दा नयाँ पुस्ता विचार र सिद्धान्तबाट विमुख हुने, देश र परिवर्तनको गौरवपूर्ण विरासतलाई बेवास्ता गर्ने लगायतका अवस्था बढ्ने खतरा देखिन्छ। त्यसैले नयाँ पुस्ताको सोच र समाजको बदलिंदो आवश्यकतालाई आत्मसात गर्दै राजनीतिक शक्तिहरुले आफ्ना नीति, सोच र शैलीहरु बदल्न आवश्यक छ ता कि नयाँ पुस्तालाई राजनीतिक, सामाजिक काममा उनीहरुकै सोच र शैली अनुसार बढीभन्दा बढी परिचालन गर्न सकियोस्।


**जनहितमा जारी सन्देश**

- आफ्नो घर आगन सफा राखौं ।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं ।
- छाडा चौपायाहरुलाई नियन्त्रण गरौं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरु समयमै नै दर्ता गरौं ।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ ।
- सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरुमा काँधमा काँध मिलाएर अघि बढौं ।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरुमा सबै पालिकावासीले सहयोग गरौं ।

अदानचुली गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
श्रीनगर, हुम्ला


# शैक्षिक क्षेत्रमा आमूल रुपान्तरण किन

श्याम रोका

विद्यार्थीकाल मानिसको जीवनको सबैभन्दा महत्त्वपूर्ण समय हो । देश र समाजका लागि केही गर्ने हुटहुटीले यस समय मानिसको हृदय भरिएको हुन्छ । आम विद्यार्थीहरू यथास्थितिमा सामान्य सुधार होइन, आमूल रूपान्तरण चाहन्छन् । त्यही कारण, विद्यार्थीलाई परिवर्तनका संवाहक पनि भनिन्छ । नेपालमा २००७ साल, २०४६ साल र २०६२/६३ सालमा सफल भएका क्रान्ति, जनयुद्ध तथा विभिन्न आन्दोलनमा ठूलो सङ्ख्यामा विद्यार्थीहरू सहभागी भएको इतिहास छ । तर पछिल्लो समय विद्यार्थी आन्दोलन मुर्झाएको छ । विद्यार्थी संगठनका गतिविधि आफ्ना सिद्धान्त र विचार अनुरूप देखिँदैनन् । दलका नेताहरूको छत्रछाया र इशारामा काम गरेको भन्दै उनीहरूको आलोचना हुने गरेको छ । शैक्षिक संस्था बन्द गराउने, हडताल गरेर आम विद्यार्थीको पढाइ प्रभावित गरिदिनेलगायत आरोप उनीहरूमाथि लाग्दै आएको छ । गुण्डागर्दी, सार्वजनिक सम्पत्तिको तोडफोडलगायत कार्य गरेर क्याम्पस परिसरमा अशान्ति फैलाएको आरोप पनि उनीहरूमाथि छ। क्याम्पसमा प्राप्त हुने आर्थिक सहायता तथा सुविधाहरूको दुरुपयोग गर्ने, चन्दा सङ्कलनका नाममा अनियमितता गर्ने, आर्थिक क्रियाकलाप पारदर्शी नगर्ने गरेकाले सङ्गठनहरू विवादमा तानिएका छन् शैक्षिक सुधार, शिक्षामा सबैको पहुँच सुनिश्चित गर्ने, शुल्क नियमन गर्ने, बेरोजगारी न्यूनीकरणका लागि अवसरहरू सिर्जना गर्न सरकार तथा पार्टीका नेताहरूलाई दबाब दिने, मूल्यवृद्धि नियन्त्रणका लागि दबाब दिनेलगायत प्राथमिक काममा संगठनहरूको ध्यान गएको देखिन्न । अर्थात्, विद्यार्थी संगठनहरूले जे गर्नुपर्ने हो, त्यो गरिरहेका छैनन् । जे गर्न नहुने हो, त्यसैमा आफ्नो ऊर्जा, ताकत र समय खर्चिरहेका छन् । त्यही कारण, विद्यार्थी आन्दोलन आज निकै जटिल मोडमा छ । आम विद्यार्थीहरूले विद्यार्थी संगठनप्रति भरोसा गर्न छाडेका छन् । इतिहास भजाएरमात्रै अघि बढ्न सकिने अवस्था छैन। जे भयो, भयो। अब समयअनुसार आफैंलाई सुधार गरेर जानुबाहेकको विकल्प यी संगठनहरूसामु छैन । शैक्षिक सुधार विद्यार्थी आन्दोलनको प्रमुख कार्यभार हो । लामो समयदेखि नै विज्ञहरूले नेपालको शैक्षिक प्रणालीमा सुधारको खाँचो रहेको औंल्याउँदै आएका छन् । शिक्षा प्रणालीलाई समावेशी, सबैको पहुँचयोग्य र गुणस्तरीय बनाउनका लागि विद्यार्थी संगठनहरूले जति पहल गर्नुपर्ने हो । त्यो गरेको देखिँदैन । नेपालको संविधानको भाग ३ मा मौलिक हकको व्यवस्थाअन्तर्गत धारा ३१ मा शिक्षा सम्बन्धी हक उल्लेख छ। प्रत्येक नागरिकलाई आधारभूत शिक्षा पहुँचको हक, प्रत्येक नागरिकलाई आधारभूत तहको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्म निःशुल्क शिक्षा पाउने हक, अपाङ्गता भएका र आर्थिक रूपले विपन्न नागरिकलाई कानुन बमोजिम निःशुल्क उच्च शिक्षा प्राप्त गर्ने हक, दृष्टिविहीन नागरिकलाई ब्रेललिपि तथा सुस्त–श्रवण भएकाहरूलाई सांकेतिक भाषाको माध्यमबाट कानुन बमोजिम निःशुल्क शिक्षा पाउने हक, कानुन बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हक संविधानमा उल्लेख छ। धारा ३५ मा स्वास्थ्य सम्बन्धी हक उल्लेख छ । उपधारा १ मा उल्लेख छ, 'प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने हक हुनेछ र कसैलाई पनि आकस्मिक स्वास्थ्य सेवाबाट वञ्चित गरिने छैन।' त्यसैगरी उपधारा ३ मा प्रत्येक नागरिकलाई स्वास्थ्य सेवामा समान पहुँचको हक हुने उल्लेख छ। संविधानले खाद्य, आवास, श्रम, बालबालिका, महिला, दलित, ज्येष्ठ नागरिक, सामाजिक न्याय, उपभोक्ता हकलगायत विभिन्न आधारभूत अधिकार सुनिश्चित गरेको छ । तर संविधानले दिएका यी मौलिक अधिकार जनताले सहज रूपमा उपयोग गर्न पाउने वातावरण बनिसकेको छैन । हाम्रा अधिकांश विद्यालय अपाङ्गता मैत्री छैनन् । दुर्गमका जनताले अझै पनि शिक्षा र स्वास्थ्य सेवा लिन घण्टौं धाउनुपर्ने बाध्यता छ । बजार नियमन फितलो हुँदा गुणस्तरीय वस्तु तथा सेवा लिनबाट आम नागरिक वञ्चित छन् । मूल्यवृद्धि मनलाग्दी छ। कानुनले जातीय छुवाछुतलाई वर्जित गरेपनि समाजबाट पूर्ण रूपमा यसलाई अन्त्य गर्न सकिएको छैन। समयमै मल र उत्पादित सामाग्रीका लागि बजार नपाउने समस्याले किसानलाई पिरोल्ने गरेको छ। देशमा भ्रष्टाचार व्याप्त छ । सार्वजनिक संस्थानहरू दलीय प्रभावमा रहेकाले निष्पक्ष र अधिकार सम्पन्न हुन सकेका छैनन् । मुलुक संघीयताको अभ्यासमा गइसकेको भएपनि केन्द्रले प्रदेशहरूमा अधिकार प्रत्यायोजन गर्न आनाकानी गरिरहेको छ । जसकारण, संघीयताको मर्मअनुरूप काम हुन सकेको छैन । कर्मचारी संयन्त्रको ढिलासुस्तीका कारण जनताले चुस्त सेवा पाउन सकेका छैनन् । विद्यार्थी र युवाहरूको बलमा २०६२/६३ सालमा जनआन्दोलन सफल भएर गणतन्त्र, धर्मनिरपेक्षता र संघीयतासहितको नयाँ संविधान जारी भयो । यसले समावेशी नेपालको परिकल्पना गरेको छ। तर, प्राप्त अधिकार जनताले उपयोग गर्नसक्ने वातावरण नबनेसम्म यो परिकल्पना साकार हुन सक्दैन। त्यसतर्फ सरकार तथा विभिन्न दलका नेताहरूलाई खबरदारी गर्ने अबको विद्यार्थी आन्दोलन केन्द्रित हुनुपर्ने देखिन्छ। संविधानले व्यवस्था गरेअनुसार शिक्षामा सबैको पहुँच सुनिश्चित गर्न आवश्यक छ। ग्रामीण क्षेत्रमा अहिले पनि आधारभूत तहदेखि माध्यमिक तहसम्म विद्यालय छाड्नेहरूको सङ्ख्या ठुलो रहने गरेको छ। यसको कारण पत्ता लगाएर समाधानको उपाय खोज्नका लागि राज्यलाई झकझक्याउनुपर्छ । सार्वजनिक विद्यालयहरूको अवस्थामा सुधार ल्याउन जरुरी छ । त्यस्तै, निजी विद्यालयहरूले मनलाग्दी शुल्क लिने गरेका छन्, यसलाई नियन्त्रण गर्नका लागि पनि सरकारलाई दबाब दिन जरुरी छ। आज देशबाट ठुलो सङ्ख्याका युवाहरू अदक्ष वा अर्धदक्ष कामदारका रूपमा विदेशमा सस्तो मूल्यमा श्रम बेच्न बाध्य छन् । नेपालको शैक्षिक प्रणाली व्यवहारिक र रोजगारीमुखी नहुँदा यस्तो समस्या निम्तिएको हो । वर्तमान पाठ्यक्रमलाई अद्यावधिक गर्दै समयसापेक्ष, प्रविधिमैत्री र व्यावसायिक दक्षतामा केन्द्रित बनाउनुपर्छ । पाठ्यक्रमले सिर्जनात्मक सोच, अनुसन्धान, र समस्याको समाधान गर्न सक्षम विद्यार्थी उत्पादन गर्नेगरी तयार हुनुपर्छ । गुणस्तरीय शिक्षा प्रदान गर्न योग्य र दक्ष शिक्षक अपरिहार्य छन् । त्यसका लागि शिक्षक प्रशिक्षण कार्यक्रमलाई सुदृढ र नियमित गर्नुपर्छ। विद्यालय र विश्वविद्यालयहरूको गुणस्तर मूल्याङ्कनका लागि प्रभावकारी मापदण्ड र अनुगमन प्रणाली लागू गर्नुपर्छ। हाम्रा विश्वविद्यालयहरुमा अनुसन्धान कम हुने गरेको छ। त्यसलाई बढवा दिन राज्यले उचित वातावरण बनाएर त्यहीअनुसार लगानी गर्नुपर्छ । अनुसन्धान र प्रविधि क्षेत्रमा नेपालले निकै न्यून बजेट खर्च गर्दै आएको छ। यसमा सुधार गर्न पनि सरकारलाई दबाब दिनुपर्छ । आधुनिक शिक्षाका लागि भौतिक पूर्वाधार र प्रविधिमा लगानी गर्नुपर्छ। विशेष क्षमता भएका विद्यार्थीहरूलाई समेत पढाउन मिल्नेगरी कक्षा कोठाहरूको डिजाइन गर्न जरुरी छ । विद्यालय भवनहरूको अवस्थालाई सुधार गरी सुरक्षित र सफा वातावरण निर्माण गर्नुपर्छ । डिजिटल उपकरण, इन्टरनेट पहुँच, र स्मार्ट कक्षाकोठाजस्ता प्रविधिहरूलाई विद्यालय स्तरमै उपलब्ध गराउनुपर्छ । प्रत्येक विद्यालयमा पुस्तकालय र विज्ञान तथा प्रविधिका लागि प्रयोगशालाहरू उपलब्ध हुनुपर्छ। लोकतन्त्रको स्थायित्व र संविधानको रक्षा गर्न विद्यार्थीहरू राजनीतिक रूपमा सचेत र जिम्मेवार हुनुपर्छ । लोकतान्त्रिक मूल्य र मानव अधिकारको संरक्षणमा उनीहरूको भूमिका महत्त्वपूर्ण छ। सामाजिक न्याय, महिला अधिकार, बाल अधिकार, लैंगिक अल्पसंख्यकका अधिकार, अपाङ्गता भएकाहरूको अधिकारलगायत विषयमा समाजमा सचेतना फैलाउन पनि विद्यार्थीहरूको भूमिका महत्त्वपूर्ण रहन्छ । जातीय, लैङ्गिक, र सामाजिक विभेद तथा अन्याय विरुद्ध बोल्नु र समानताको पक्षमा अभियान सञ्चालन गर्नु आन्दोलनको प्राथमिकता हुनुपर्छ । विश्वको ठुलो जनसङ्ख्या आज जलवायु परिवर्तनका कारण प्रभावित छ। ठुला राष्ट्रमा हुने औद्योगिक गतिविधिका कारण कार्बन उत्सर्जन बढेर आज समग्र पृथ्वीकै पर्यावरण चक्र बिथोलिएको छ। हामीले नगरेको यस गल्तीको सजाय भोग्न आज हामी पनि बाध्य छौं । हाम्रा हिमालहरू पग्लिँदै छन् । पानीका मुहानहरू सुक्दै गएका छन्। अतिवृष्टि र अति खडेरीले जनजीवन समस्यामा छ। विशेष गरी विपन्न र सीमान्तकृत समुदायमा यसको असर भयावह देखिने गरेको छ । यस्ता समस्याबारे नेपालजस्ता तेस्रो विश्वका सरकारले वैश्विक मञ्चहरूमा आफ्ना कुरा जोडदार रूपमा राख्न सक्नुपर्छ । त्यसका लागि विद्यार्थीहरूले शान्तिपूर्ण प्रदर्शन र सिर्जनात्मक कार्यक्रमहरू गरेर दबाब सिर्जना गर्न जरुरी छ। हाम्रो भौतिक विकास पनि पर्यावरणमैत्री छैन । विकासका नाममा जथाभाबी डोजर चलाएर सडक खन्दा पहिरो जाने, पर्यावरणचक्रमा खलल पुग्नेलगायत समस्या देखिएका छन् । वातावरणीय सचेतना र दिगो विकासबारे पैरवी गर्नु विद्यार्थी आन्दोलनको दायित्व हो । रोजगार, उद्यमशीलता, र आत्मनिर्भरताका लागि नीति निर्माण गर्न दबाब सिर्जना गर्दै युवा अधिकार सुनिश्चित गर्न विद्यार्थीहरू अग्रसर हुनुपर्छ। समाजमा हुने अपराध, दुर्व्यसन, बालश्रम, र हिंसाका घटनाहरू विरुद्ध अभियान सञ्चालन गर्दै समाजमा सद्भाव, सहिष्णुता, र एकता कायम गर्न विद्यार्थी आन्दोलनले ध्यान दिनुपर्छ। स्वदेशी उद्योग तथा कृषि क्षेत्रमा रोजगारका अवसर वृद्धि गर्न पहल गर्नु आवश्यक छ। देशमै उद्यमशीलता र आत्मनिर्भर हुने अवस्था निर्माण हुनसके ठुलो जनशक्ति विदेश पलायन हुनबाट रोकिनेछ। अध्ययनलाई प्राथमिकता दिँदै आन्दोलनलाई मर्यादित, संगठित, र सकारात्मक दिशामा लैजाने, शैक्षिक संस्था र सार्वजनिक सम्पत्तिको संरक्षण गर्दै शान्तिपूर्ण आन्दोलनमा ध्यान दिनुपर्ने आवश्यकता छ। मूल्यवृद्धिले जनताको ढाड सेकेको छ। बजार भाउ मनलाग्दी देखिन्छ। उपभोक्ताको हितमा सरकारको ध्यानाकर्षण गराउन पनि विद्यार्थीको भूमिका महत्त्वपूर्ण रहन्छ। त्यसका लागि शान्तिपूर्ण र सिर्जनात्मक आन्दोलनमा जोड दिनुपर्छ। आजको जमानामा जनसरोकारका विषयलाई धेरैभन्दा धेरै जनासम्म पुऱ्याउन आधुनिक प्रविधिको अत्यधिक प्रयोग गर्न सकिन्छ। विद्यार्थी आन्दोलनले समाजको विभिन्न पक्षमा सुधार, सचेतना, र परिवर्तन ल्याउन सकारात्मक भूमिका खेल्नुपर्छ। विद्यार्थीहरूले आफ्नो शक्ति र क्षमतालाई सही तरिकाले प्रयोग गर्नसके देशको दीर्घकालीन विकास र समृद्धिमा ठुलो योगदान पुग्नेछ।

**(लेखक श्याम रोक्का अखिल (क्रान्तिकारी) केन्द्रीय महासचिव पदका उम्मेदवार हुन्।)**


**गाउँपालिका द्वारा जारी सन्देश**

१. आफ्नो घर आगन सफा राखौं।
२. विकास निर्माणको काममा जन सहभागीता जुटाऔं।
३. बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं।
४. हावाहुरी चल्ने समयमा आगो जथाभावी नबालौं। बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं।
५. छाडा चौपायाहरुलाई नियन्त्रण गरौं।
६. जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरु समयमै नै दर्ता गरौं।
७. आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौं।
८. सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं।
९. दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं।
१०. सार्वजनिक सम्पत्तिको संरक्षण गरौं। हरेक विकास निर्माणका कार्यहरुमा काँधमा काँध मिलाएर अघि बढौं।

खार्पुनाथ गाउँपालिका
हुम्ला

# आज(सोमबार) प्रदेश स्थापना दिवसको लुम्बिनी प्रदेशभर सार्वजनिक बिदा

नमस्ते समचारदाता
देउखुरी, माघ/२०




आज माघ २१ गते सोमवार लुम्बिनी प्रदेश सरकारले आठौँ स्थापना दिवसलाई विशेष उत्सवको रुपमा मनाउन लागेको लागि प्रदेशभर सार्वजनिक विदा गरेको छ। प्रदेश सभा सचिवालय परिसरमा मुल समारोहको आयोजना गरी भव्य कार्यक्रम गरिने भएको छ भने गरिँदै छ। प्रदेश प्रमुखको विशेष उपस्थितीमा मुल समारोह आयोजना गर्न लागिएको हो। बाजागाजा सहितको झाँकी प्रदर्शन, विभिन्न मन्त्रालयहरूका स्टलहरू समेत राखिने छन्। झाँकीहरूको विचमा प्रतिस्पर्धा गरिने, प्रथम हुनेलाई २० हजार, दोस्रो हुनेलाई १५ हजार, तेस्रो हुनेलाई १० हजार रुपैयाँ पुरस्कार को व्यवस्था गरिएको छ। स्थापना दिवसलाई भव्य र उत्सवमय बनाउन माघ २०, २१ र २२ गते तीन दिन प्रदेश मन्त्रालय, सचिवालय, निर्देशनालय र प्रदेशस्थित सबै कार्यालयमा दिपावलीगरी मनाउने कार्यक्रम रहेको छ। शितगंगा नगरपालिका, लमही नगरपालिका, शिवराज नगरपालिका, गढवा गाउँपालिका, राप्ती गाउँपालिका, राजपुर गाउँपालिका, सरुमारानी गाउँपालिकाले आ(आफ्नो क्षेत्रभित्रको कला, संस्कृति र भेषभुषा सहित झाँकी प्रदर्शन गर्ने कार्यक्रम राखिएको छ। लुम्बिनीले हरेक वर्ष माघ २१ लाई प्रदेशसभा स्थापना दिवस र फागुन ३ लाई सरकार स्थापना दिवसको रुपमा मनाउँदै आएको थियो। प्रदेश सरकारले दुई वटा दिवसलाई एकैदिन मनाउने गरी माघ २१ लाई प्रदेश स्थापना दिवसको रुपमा मनाउने निर्णय गरेको थियो। सोही निर्णयको आधारमा माघ २१ लाई प्रदेश स्थापना दिवसको रुपमा मनाउन थालिएको हो।

# हत्या आरोपित ठकुरी सात महिनापछि पक्राउ

नमस्ते समचारदाता
नेपालगञ्ज, माघ/२०



नेपालगन्ज उपमहानगरपालिका ११ का ३८ वर्षीय इरसाद राईको हत्या आरोपमा प्रहरीको खोजी सूचीमा रहेएका जाजरकोटका जगतसिंह ठकुरीलाई प्रहरीले सात महिनापछि पक्राउ गरेको छ। जिल्ला प्रहरी कार्यालय बाँकेका प्रहरी प्रवक्ता डिएसपी आयूशप्रसाद जोशीका अनुसार जाजरकोट कुशे गाउँपालिका ८ का जगतसिंह ठकुरीलाई नेपालगन्जबाट पक्राउ गरिएको हो। असार २८ गते नेपालगन्ज( ११ सदरलाइनमा ठेलामा व्यापार गरेर गुजारा गर्दै आएका ३८ वर्षीय इरसाद राईको खुकुरी प्रहार मा हत्या भएको थियो। प्रहरीका अनुसार स्कुटरमा आएका ठकुर ीले सामान्य विवादमै खुकुरी प्रहार गरेर राईको हत्या गरेर फरार भएका थिए। प्रहरीले नेपालगन्ज ४ को बसपार्कमा रहेको एक गेस्ट हाउसबाट ठकुरीलाई पक्राउ गर ेको हो। राईका हत्यारालाई पक्राउ गर्न माग गर्दै उनका परिवार र टोलवासीले मिलेर दुई पटक आन्दोलन समेत गरेका थिए।

# महिला राष्ट्रिय फुटवल खेलाडी शाही सम्मानीत

नमस्ते समचारदाता
हुम्ला, माघ/२०

नेपाली महिला राष्ट्रिय फुटबल खेलाडी हुम्ला जिल्ला खार्पुनाथ गाउँपालिका- ५ निवासी दिपा शाही सम्मानीत भएकी छन्। नेपाल बिधार्थी संघ हुम्ला काठमाडौं सम्पर्क समितिले दुर्गम जिल्लामा जन्मेर पनि खेल क्षेत्रमा देशका लागि पुर्याएको योगदानबाट समितिले आईतबार उनको सम्मान गरेको हो। महिला राष्ट्रिय फुटवल खेलाडी शाहीले नेपाली महिला राष्ट्रिय फुटबल टोलीको महत्वपूर्ण सदस्यको रुपमा विभिन्न राष्ट्रिय तथा अन्तरराष्ट्रिय फुटबल प्रतियोगितमा उत्कृष्ट प्रदर्शन गर्दै देशलाई रजत पदक दिलाउन र हुम्ला जिल्लासहित सिंगो देशको नाम विश्व जगतमा चिनाउन तथा फुटबल खेलको विकासमा पुर्याएको योगदानको कदर गर्दै सम्मान गर्ने कार्य गरिएको सम्पर्क समितिका अध्यक्ष अंगबहादुर सिंहले जानकारी दिए। शाही महिला फुटबलकी चर्चित खेलाडी पनि हुन। उनलई आईतबार सम्पर्क समितिले काठमाडौंको कमलादीमा एक कार्यक्रमको आयोजना गरि सम्मान गरेको हो। उनले कर्णाली प्रद्रेश सरकारका पुर्बमुख्यमन्त्री एवं प्रदेश सभामा नेपाली काँग्रेस संसदीय दलको नेता जीवन बहादुर शाहीले दोसल्ला ओढाएर कदरपत्र प्रदान गर्दै उनको सम्मान गरेका थिए।

# प्रादेशिक महोत्सवमा थारू गाउँले दैनिक दुई लाखभन्दा बढी कारोबार

नमस्ते समचारदाता
नेपालगञ्ज, माघ/२०




नेपालगन्जमा सञ्चालन भइरहेको प्रादेशिक महोत्सवभित्र बनाइएको थारू गाउँले मेला अवलोकन गर्न पुगेका अधिकांशलाई आफूतर्फ आकर्षित गर्न सफल भएको छ। सो थारू गाउँमा पाइने थारू परिकारलाई अवलोकनकर्ताले सबैभन्दा बढी मन पराएको पाइएको छ। सो गाउँभित्र विभिन्न परिकार खान आउने दर्शकहरु बढ्दै जाँदा त्यहाँ मात्रै दैनिक दुई लाख पचास हजारभन्दा बढीको कारोबार भइरहेको महोत्सव तथ्याङ्क व्यवस्थापन उपसमितिका संयोजक युवराज ढकालले बताएका छन्। थारू गाउँका सञ्चालक मङ्गल थारूले थारू गाउँमा आठ वटा थारूका होटल राखिएको जनाउँदै हरेक दिन एउटा होटलले कम्तीमा पनि ३० हजार भन्दा बढी रुपियाँका दरले कारोबार गरिरहेका छन्। थारू गाउँमा हरेक दिन थारू कलाकारहरुबाट ३० वटा जति सांस्कृतिक कार्यक्रम प्रस्तुत भइहेकोले पनि अवलोकनकर्ताहरु दिनदिनै बढ्दै गएको जनाइएको छ। थारू गाउँका सञ्चालक मङ्गल थारूका अनुसार थारू गाउँभित्र आएर थारू नाच हेर्ने र त्यहाँ रहेको जीवन होटलमा घोंघी र गंगटा खाने युवायुवतीको दैनिक लर्को लाग्ने गरेको छ। सो होटलका सञ्चालक जीवन चौधरीले घोंघीमा बढी क्याल्सियम पाइन्छ भनेर थारूभन्दा पनि अन्य समुदायका व्यक्तिहरु सो खानका लागि बढी आउने गरेको बताए। सो होटलमा दैनिक करिब ३० हजार रुपियाँको कारोबार भइरहेको होटलका सञ्चालक चौधरीको भनाइ छ। थारू गाउँभित्रको पाहुना स्वागत घरकी कोपिला चौधरीको होटलमा पनि ढिक्री, घोंघी, गंगटा र बंगुरको सेकुवा खान दैनिक रुपमा आउनेहरु सयौंको सङ्ख्यामा छन्। कोपिलाले भनिन, 'म लम्की, धनगढी, कोहलपुर र टीकापुरको महोत्सवमा पनि सहभागी भएकोमा सबैभन्दा बढी व्यापार नेपालगन्जमा भइरहेको छ। उनी खुसी हुँदै अगाडि थप्छिन 'दैनिक ३५ हजार रुपियाँभन्दा बढीको कारोबार भइरहेको छ।'त्यहाँ रहेका अन्य होटलमा पनि सोही अनुपातमा कारोबार भइरहेकोले महोत्सवभित्रको थारु गाउँमा मात्र दैनिक दुई लाख पचास हजारभन्दा बढीको कारोबार भइरहेको महोत्सव व्यवस्थापन समितिले जनाएको छ। महोत्सवमा दैनिक करिब २१ लाख रुपियाँ बराबरको कारोबार भइरहेको तथ्याङ्क व्यवस्थापन उपसमितिका संयोजक ढकालले बताए। १० दिनमा महोत्सवमा दुई करोड आठ लाख रुपियाँ बराबरको कारोबार भैसकेको ढकालको भनाइ छ।

जनहितमा जारी सन्देश
आफ्नो घर आगन सफा राखौं।
विकास निर्माणको काममा जन सहभागीता जुटाऔं।
बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं।
हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं। बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं।
छाडा चौपायाहरुलाई नियन्त्रण गरौं।
जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरु समयमै नै दर्ता गरौं।
आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौं।
सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं।
दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं।
सार्वजनिक सम्पत्तिको संरक्षण गरौं। हरेक विकास निर्माणका कार्यहरुमा काँधमा काँध मिलाएर अघि बढौं।
पालिकाको हरेक विकास निर्माणका कार्यहरुमा सबै पालिकावासीले सहयोग गरौं।
राप्ती सोनारी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
अगैया, बाँके

जनहितमा जारी सन्देश
आफ्नो घर आगन सफा राखौं।
विकास निर्माणको काममा जन सहभागीता जुटाऔं।
बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं।
हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं। बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं।
छाडा चौपायाहरुलाई नियन्त्रण गरौं।
जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरु समयमै नै दर्ता गरौं।
आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौं।
सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं।
दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं।
सार्वजनिक सम्पत्तिको संरक्षण गरौं। हरेक विकास निर्माणका कार्यहरुमा काँधमा काँध मिलाएर अघि बढौं।
पालिकाको हरेक विकास निर्माणका कार्यहरुमा सबै पालिकावासीले सहयोग गरौं।
सिमकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सिमकोट, हुम्ला

जन्म, मृत्यु, विवाह, बसाई सराई र सम्बन्ध विच्छेद लगाएतका व्यक्तिगत घटनाहरु भएको ३५ दिन भित्र गाउँपालिकाको सम्बन्धित वडा कार्यालयमा गई दर्ता गराऔं।
नाम्खा गाउँपालिका
हुम्ला

नमस्ते कर्णाली
Namaste Karnali National Daily राष्ट्रिय दैनिक
जि.प्र.का.बाँके दर्ता नं १६२/०७९/८०
जिल्ला हुलाक नं. २९/०८१-०८२
सोमबार २१ माघ, २०८१
Monday 03 February, 2025


# वडाध्यक्ष पोखरेलको लोभलाग्दो कृषि कर्म

■ नमस्ते समचारदाता

स्थानीय तहमा वडाका दैनिक काम काजमा वडाध्यक्षको व्यस्तता बढ्दो छ। पालिकाका प्रमुख, उपप्रमुखभन्दा वडाध्यक्षलाई वडाभित्रका काममा भ्याइनभ्याई नै हुन्छ। वडाको व्यस्त जिम्मेवारीले घरायसी काम काज, कृषि व्यवसायमा वडाध्यक्षले समय व्यवस्थापन गर्न गाह्रो हुन्छ। तर पाल्पाको रामपुर नगरपालिका-५ का वडाध्यक्ष दुर्गाप्रसाद पोखरेलले भने समय व्यवस्थापन गर्दै लोभलाग्दो कृषि व्यवसाय गर्दै आएका छन् । वडाध्यक्ष पोखरेलले भने, "वडाका काममा मात्र नभई कृषि व्यवसाय, सामाजिक कार्यलाई उत्तिकै सक्रियताका साथ गर्दैआएको छु।"व्यस्त समयका बाबजुद पनि उनको कृषि कार्यप्रतिको लगाव र मेहनत लोभलाग्दो छ। उहाँ वडाको जिम्मेवारी कुशलतापूर्वक निभाउँदै कृषि कार्यमा तल्लीन छन्। वडाध्यक्ष पोखरेल वडाका कामबाहेकको समय घरमा कृषि कर्म गर्नमै खटिन्छन् । "वडा तहबाट गर्ने काम सकिएपछि साँझ बिहानको समयमा तरकारी, अन्नबाली लगाउने, गोडमेल गर्ने, भैंसीको हेरचाह गर्नेलगायत काममा समय बिताउँछु", उनले भने, "यसरी काम गर्दा समय बितेको पत्तो हुँदैन ।" रामपुर-५ मटेरीमा वडाध्यक्ष पोखरेलले कृषि कर्म गरेर आफ्नो जग्गा हरियाली बनाउनुभएको छ। करिब १५ रोपनी जग्गामा तरकारी, अन्नबाली उत्पादन गरी उनले बिक्री गर्दै आएका छन्। हाल साढे पाँच रोपनी जग्गामा तरकारी खेती गरिएको छ। त्यसमध्ये साढे तीन रोपनीमा काउली, बन्दा, मुला, धनियाँ, साग छन् भने दुई रोपनीमा आलु खेती गरेको वडाध्यक्ष पोखरेलले जानकारी दिए । काउली र बन्दागोभी बिक्री भइरहेको छ। उनी अब काँक्रो, भिण्डी, करेला, लौका, खुर्सानी, सिमीलगायत लहरेबाली जातका तरकारी लगाउने तयारीमा हुनुहुन्छ। त्यसका लागि कार्यालय समय सकिएपछि सो कर्ममा खटिने गरेको वडाध्यक्ष पोखरेलले बताए। उनले करिब एक दशकदेखि तरकारी खेती गर्न थालेका हुन् । पहिला घरमा सिजनका तरकारी लगाउनुहुन्थ्यो भने पाँच वर्षदेखि यहाँको बजार बढ्दै जान थालेपछि व्यावसायिक हिसाबले उत्पादनमा जोड दिए। तरकारी, अन्नबाली, भैंसीपालन बाट वार्षिक रुपमा सरदरमा रु सातदेखि आठ लाख आम्दानी हुने गरेको उनले जानकारी दिए । "तरकारी खेती मात्र नभई धान, मकै, गहुँ, तोरी जस्ता अन्नबाली लगाउने, भैंसीपालनलाई जोड दिएको छु, सबै क्षेत्रबाट आम्दानी भइरहेको छ, वडाको काम सकिएपछि घरको काममा समय खर्चेको छु, फुर्सदको समय छैन, वडाका विभिन्न काम तथा योजनामा कहिलेकाही विवाद पनि हुन्छन्, सबैलाई मिलाएर काम गरि रहेको छु, घरको आयआर्जनका लागि कृषि पेशालाई निरन्तरता दिनुपर्‍यो", वडाध्यक्ष पोखरेलले भने । दैनिक बिहान ४ बजे उठेर पशुको आहार व्यवस्थापन, तरकारीको रेखदेख, सिँचाइ जस्ता काम सकेर कार्यालय तथा सामाजिक काममा निस्कनुहुन्छ। यसरी निरन्तर रुपमा उनको दैनिकी बितिरहेको छ। कार्यालय बिदा तथा शनिबारको दिन समय मिलाएर तरकारी लगाउने, थाक्रा दिने, खेतबारी खनजोत जस्ता कार्यमा उनलाई भ्याइनभ्याइ हुन्छ। वडाध्यक्ष पोखरेल भन्छन्, "दैनिक कार्यतालिका बनाएर भोलिपल्ट गर्ने काम अघिल्लो दिन नै तय गरेको हुन्छु, समय अनावश्यक ठाउँमा बिताएको छैन, बिहान सबेरै उठ्ने आफ्नो घरको काम सक्ने अनि वडा तथा सामाजिक कार्यमा निस्कने गरेको छु।" वडाध्यक्ष पोखरेललाई यस व्यवसायमा श्रीमती भगवतीले साथ दिँदै आएकी छन्। वडा तथा सामाजिक कार्यमा व्यस्त रहँदा खेतीबाली, पशुको रेखदेख, संरक्षण भगवतीले सम्हाल्नुहुन्छ। सिँचाइका लागि निजी इनार निर्माण गरी व्यवस्थापन भइरहेको छ। स्थानीय बजारमा नै तरकारी खपत हुँदा बिक्रीका लागि झण्झट छैन। उहाँले कृषिबाटै दुई छोरा छोरीलाई काठमाडौंमा राखेर उच्च शिक्षा दिलाएका छन्। आफूले कृषि कर्म गरेर दुःखसँग पढाएको छोरा सरकारी सेवामा कार्यरत भएको देख्न पाउँदा उनलाई कृषि पेशाप्रति झन् मोह बढेको छ । नगरकै केन्द्र भाग, बजार क्षेत्र, सरकारी तथा सामुदायिक सङ्घ संस्था, बैंक तथा वित्तीय कार्यालय, ठूलो जनघनत्व यही वडामै छ। रामपुरका १० वटा वडामध्ये धेरै जनसङ्ख्या बसोबास गर्ने, बजार क्षेत्र रहेकाले वडाका काम सम्हाल्न अन्यत्र वडामा जस्तो सहज छैन। सानैदेखि कृषि पेशामा आबद्ध वडाध्यक्ष पोखरेलको यो कार्य उदाहरणीय बनेको छ ।रासस

# चामल र चिनी छुटमा बिक्री

■ नमस्ते समचारदाता
हुम्ला, माघ/२१



खाद्य ब्यवस्था तथा ब्यापार कम्पनी लिमीटेडले पून चामल र चिनी छुटमा बिक्री सुरु गरेको छ। लिमिटेडले सामाजिक उत्तर दायित्व र चाडपर्व लक्षित कार्यक्रम अनुसार देशभर यसअघि सर्वसाधारणका लागि उक्त खाद्यान्न छुटमा बिक्री गर्दा त्यसका लागि बिनीयोजित बजेट बचेपछि उक्त रकमबाट हुम्लामा पून छुटमा बिक्री गर्न लागिएको हो । लिमिटेड हुम्ला शाखाका प्रमुख कृष्ण थापामगरले यसअघि माघ २ गतेसम्म छुटमा खाद्यान्न बिक्री गरिएकोमा पून त्यसलाई निरन्तरता दिने कार्य भएको बताए। यो छुटमा बिक्री सुरु गरिएको खाद्यान्नमा चामल र चिनी रहेको छ । उनले देशभर छुटका लागि निवीयोजित बजेट बचेको कारण लिमिटेड हुम्ला शाखाको अनुरोध एक हजार क्वीन्टल चामल र साँढे दुई सय क्वीन्टल चिनी हुम्लामा छुटमा बिक्री हुने बताए। यसअघि सात हजार आठ सय क्वीन्टल खाद्यान्न छुटमा बिक्री बितरण गरिएको थियो। गत असोज ६ गतेबाट शाखा कार्यालय सिमकोटबाट सात हजार ४३४ दशमलव २५ क्वीन्टल र श्रीनगर डिपोबाट ४५८ दशमलव ७५ क्वीन्टल चामल प्रति केजी पाँच रुपियाँ छुटमा बिक्री गरिएको थियो । चार महिना अवधिमा २६ लाख ७५ हजार ४५० रुपियाँ बराबर मुल्यको खाद्यान्न छुटमा जिल्लाका सिमकोट शाखा र अदानचुली गाउँपालिकाको डिपो कार्यालय श्रीनगरबाट बिक्री गरिएको हो । यसमा प्रतिकेजी ९५ नब्बे पर्ने मसिनो चामल नब्बे रुपियाँमा बिक्री गरिएको थियो भने ७४ रुपियाँ प्रतिकेजी पर्ने सोना मोटो चामल ६९ रुपियाँमा बिक्री गरिएको थियो। त्यसैगरि अरुवा मोटो ६६ रुपियाँ प्रतिकेजी पर्ने चामलको ६१ रुपियाँमा बिक्री गरिएको थियो । त्यसैगरि यो अविधमा प्रतिकेजी सात रुपियाँ छुटमा छ हजार ३५० लिटर खाने तेल र पाँच रुपियाँ छुटमा ७१ क्वीन्टल चिनी पनि सर्वसाधारणलाई बिक्री गरिएको थियो । तीन किसिमका खाद्यान्नमा छुट पाएपछि सर्वसाधारणले राहत महशुस गरेका थिए।


## गाउँपालिका द्वारा जारी सन्देश

१. आफ्नो घर आगन सफा राखौं।
२. विकास निर्माणको काममा जन सहभागीता जुटाऔं।
३. बालबालिका लाई विद्यालय पठाऔं काममा नलगाऔं।
४. हावाहुरी चल्ने समयमा आगो जथाभावी नबालौं। बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं।
५. छाडा चौपायाहरुलाई नियन्त्रण गरौं।
६. जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरु समयमै नै दर्ता गरौं।
७. आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ।
८. सभ्य समाजको निमार्णमा सहयोग पुर्‍याऔं।
९. दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं।
१०. सार्वजनिक सम्पत्तिको संरक्षण गरौं। हरेक विकास निर्माणका कार्यहरुमा काँधमा काँध मिलाएर अघि बढौं।

नाम्खा गाउँपालिका
हुम्ला


# पूजा महतो यू-१९ महिला टी-२० विश्वकपको 'टिम अफ दि टुर्नामेन्ट' मा

■ नमस्ते समचारदाता
काठमाडौँ, माघ/२१



अन्तर्राष्ट्रिय क्रिकेट काउन्सिल (आइसिसी) ले आइतबार सकिएको आइसिसी यू-१९ महिला टी-२० विश्वकप २०२५ मा उत्कृष्ट प्रदर्शन गरेका विभिन्न देशका खेलाडी समेटेर 'टिम अफ दि टुर्नामेन्ट' घोषणा गरेको छ । जसमा नेपालकी कप्तान पूजा महतो पनि परेकी छन् । अलराउन्डरको रूपमा टोलीमा परेकी पूजाले मलेसियामा भएको विश्वकपमा ९ विकेट लिँदा ७० रन बनाएकी थिइन्। पूजाले प्लेअफको खेलमा घरेलु टोली मलेसियाविरूद्ध चार विकेट लिएकी थिइन्। पूजा हाल नेपालमा भइरहेको टी-२० अन्तर्राष्ट्रिय सिरिजमा नेपालको सिनियर टोलीबाट खेलिरहेकी छिन्। टोलीमा दक्षिण अफ्रिकालाई हराएर च्याम्पियन बनेको भारतका चार खेलाडी समावेश छन् । भारतीय टोलीको नेतृत्व गोंगाडी त्रिशा ओपनरको रुपमा छिन्। उनले विश्वकपमा ३०९ रन बनाएकी थिइन्। सर्वाधिक रन बनाएकी त्रिशाको यो स्को दोस्रो स्थानमा रहेकि ब्याटरको भन्दा १३३ रनले बढी हो। फाइनलमा त्रिशा प्लेयर अफ द म्याच घोषित भएकी थिइन्। उनले दक्षिण अफ्रिकाविरुद्ध फाइनलमा १५ रन खर्चिएर तीन विकेट लिएकी थिइन् भनेअविजित ४४ रन बनाएकी थिइन। जससँगै भारतले नौ विकेटको जित हासिल गरेको थियो । उनीसँगै टोलीमा भारतकी ओपनर जी कमलिनी पनि टोलीमा सामेल भएकी छिन। उनले प्रतियोगिताभरमा १४३ रन बनाएकी थिइन् । यस्तै भारतका बलरद्वय आयुषी शुक्ला र वैष्णवी शर्मा पनि टोलीमा छन्। शर्माले बायुमास ओभलमा दक्षिण अफ्रिकाका दुई विकेट लिएर प्रतियोगिता सक्दा प्रतियोगितामा सर्वाधिक १७ विकेट लिएकी थिइन्। जबकी १७ वर्षीया शुल्काले १४ विकेट हात पार्न सफल भएकी थिइन् । दुई वर्षअघि सुपर सिक्स चरणबाट अगाडि बढ्न असफल दक्षिण अफ्रिकाका दुई खेलाडी टोलीमा छन्। ११ विकेट लिएकी कायला रेनेकेलाई टोलीको कप्तान छनोटन गरिएको छ। यस्तै अष्ट्रेलिया विरुद्धको सेमिफाइनलमा २४ बलमा महत्वपूर्ण ३७ रन बनाएकी दक्षिण अफ्रिकाक जेम्मा बोथालाई त्रिशासँगै ओपनिङ गर्न छनोट गरिएको छ। फास्ट बलर नथाबिसेङ निनीलाई १२ औं खेलाडीको रूपमा छनोट गरिएको छ । दोस्रो सेमिफाइनलमा भारतसँग पराजित भएको इङ्ल्यान्डका दुई खेलाडी टोलीमा छन्। प्रतियोगिताको दोस्रो सर्वाधिक रन बनाउने खेलाडी दाभिना पेरिन (१७६ रन) र विकेटकिपर केटी जोन्स प्रतियोगिताको टोलीमा परेका छन्। अष्ट्रेलियाकी काओइमहे ब्रेसँगै मध्यक्रममा नेपालकी कप्तान र अलराउन्डर पूजा महतो छन् । टिममा श्रीलंकाका बलर चामोदी प्रबोदासँग पनि छन्। जसले भारत तीन विकेट लिएकी थिइन् भने समग्रमा १६ विकेट हात पारेकी थिइन् । टिम छनोटको निर्णायक मण्डलमा कमेन्टेटर जुलिया प्राइस, एचडी एकरम्यान र रौनक कपूर सँगै आइसिसी प्रवन्धक स्नेहल प्रधान थिए । आइसीसी यू-१९ महिला टी २० विश्वकप २०२५ को प्रतियोगिताको टोली

१. जी त्रिशा (भारत)
२. रुजेम्मा बोथा (दक्षिण अफ्रिका)
३. दाभिना पेरिन (इङ्ल्यान्ड)
४. रुजी कमलिनी (भारत)
५. रुकाओइमहे ब्रे (अष्ट्रेलिया)
६. रुपूजा महतो (नेपाल)
७. रुकायला रेनेके (कप्तान) (दक्षिण अफ्रिका)
८. रुकेटी जोन्स (विकेटकिपर) (इङ्ल्यान्ड)
९. रुआयुषी शुक्ला (भारत)
१०. रुचामोदी प्रबोदा (श्रीलंका)
११. रुवैष्णवी शर्मा (भारत)
१२. रुन्थाबिसेङ निनी (दक्षिण अफ्रिका)


## गाउँपालिका द्वारा जारी सन्देश

१. आफ्नो घर आगन सफा राखौं।
२. विकास निर्माणको काममा जन सहभागीता जुटाऔं।
३. बालबालिका लाई विद्यालय पठाऔं काममा नलगाऔं।
४. हावाहुरी चल्ने समयमा आगो जथाभावी नबालौं। बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं।
५. छाडा चौपायाहरुलाई नियन्त्रण गरौं।
६. जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरु समयमै नै दर्ता गरौं।
७. आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ।
८. सभ्य समाजको निमार्णमा सहयोग पुर्‍याऔं।
९. दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं।
१०. सार्वजनिक सम्पत्तिको संरक्षण गरौं। हरेक विकास निर्माणका कार्यहरुमा काँधमा काँध मिलाएर अघि बढौं।

चंखेली गाउँपालिका
हुम्ला


नमस्ते कर्णाली
Namaste Karnali National Daily राष्ट्रिय दैनिक
नमस्ते कर्णाली राष्ट्रिय दैनिकका लागि प्रकाशक/ सम्पादक : अशोक भण्डारी ,प्रधान कार्यालय : कोहलपुर-११ बाँके, शाखा:सुर्खेत,हुम्ला,मुगु,कालिकोट,जुम्ला,डोल्पा,बाजुरा
सम्पर्क : ९८४७२४६९०३ इमेल: namastekarnali1@gmail.com मुद्रण: गैरे अपसेट प्रेस (छापाखाना), कोहलपुर, बाँके